नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस कोरिया शाखा, ग्वार्को, ललितपुर

मिति:- २०८१/०३/३०

## सन् २०२४ को बिशेष कोरियाली भाषा परीक्षा (Special EPS-TOPIK 2024, CBT) बोनस पोईन्ट तथा परीक्षा शुल्क मिनाह सम्बन्धी अत्यन्त जरुरी सूचना ।

नेपाल सरकार र गणतन्त्र कोरिया सरकार बीच सम्पन्न समझदारी पत्र (MoU) अनुरुप रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत दक्षिण कोरियाबाट काम गरी वैधानिक तवरले फर्केका कामदारहरुलाई पुन: कामदारको रुपमा पठाउने प्रक्रिया अन्तरगत उम्मेदवारको छनौट गर्ने क्रममा Human Resource Development Service of Korea (HRD) बाट सञ्चालन हुने बिशेष कोरियन भाषा परीक्षा **(Special EPS-TOPIK, CBT)** मा सामेल हुन चाहने उम्मेदवारहरुले यस बिशेष भाषा परीक्षामा प्राप्त गर्न सक्ने बोनस अंक र परीक्षा दस्तुर मिनाह सम्बम्धमा HRD Service of Korea बाट प्राप्त Beneficiary List मा नाम समावेश भएका तथा समावेश हुन छुटेका (ई.पि.एस मार्फत दक्षिण कोरिया गई बैधानिक तवरले फर्केको प्रमाण पेश गर्ने गरि) इच्छुक योग्य नेपाली नागरिकहरुबाट देहाय वमोजिमका विवरण खुलाई अनलाईन ई-मेल मा पठाईदिनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन दर्ता मिति:–** वि.सं.२०८१ आषाढ ३० देखि साउन १ गते सम्म (तदनुसार July 14-16,2024 सम्म ।

**१. सूचीमा नाम भएका ईच्छुक उम्मेदवारले पठाउनु पर्ने आवश्यक कागजातहरू :**

- आवेदकले आवेदन फाराम भर्दा राहदानीको फोटो भएको पेज (बायो पेज), Foreigner Registration card (Alien Card) अगाडि पछाडि को रंगिन (Colour) स्क्यान गरेको **single PDF file** मा पठाउनु पर्ने हुन्छ ।
- बोनस पोईन्ट को सूचीमा उल्लिखित उम्मेदवारहरुले आफ्नो अधिक्तम **(Highest)** पोईन्ट आएको कागजात **cbtbeneficiary@gmail.com** मा पेश गर्नुहोला ।
- आवेदकले ई-मेल गर्दा अनिवार्य रुपमा ई-मेलको Subject मा सूचीमा भएको सि.नं , नाम र राहदानी नं उल्लेख गर्नुहोला ।
- HRD कोरियाले उपलब्ध गराएको Certificate लाई मात्रै बोनस पोइन्टको लागि मान्यता दिइने छ ।
- **आवेदकले माथि उल्लिखित आफ्नो सबै कागजातहरु स्क्यान गर्दा एउटै single PDF file बनाई पठाउनु पर्नेछ ।**

**२. सूचीमा नाम नभएका तर हुनु पर्ने जस्तो लाग्ने उम्मेदवारले पठाउनु पर्ने आवश्यक कागजातहरू :**

- आवेदकले आवेदन फाराम भर्दा **राहदानीको** फोटो भएको पेज (बायो पेज), Foreigner Registration card (Alien Card) अगाडि पछाडि को रंगिन (Colour) स्क्यान गरेको **single PDF file** मा पठाउनु पर्ने हुन्छ ।

- नाम नभएका उम्मेदवारहरुले आफ्नो अधिक्तम पोईन्ट आएको कागजात **listmanavayeko@gmail.com** मा पेश गर्नुहोला ।
- HRD कोरियाले उपलब्ध गराएको Certificate लाई मात्रै बोनस पोइन्टको लागि मान्यता दिइने छ ।
- आवेदकले ई-मेल गर्दा अनिवार्य रुपमा ई-मेलको Subject मा नाम र राहदानी नं उल्लेख गर्नुहोला ।
- **आवेदकले माथि उल्लिखित आफ्नो सबै कागजातहरु स्क्यान गर्दा एउटै single PDF file बनाई पठाउनु पर्नेछ ।**

३.बोनस पोईन्ट तथा दस्तुर मिनाहाः

क) रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत दक्षिण कोरिया गई कोभिड अबधिमा कोरियाको न्याय मन्त्रालयबाट स्वीकृति प्राप्त गरी मौसमी कामदार भई फर्केका, सन् २०१६ पश्चात लिईएको TOPIK Level 3 उत्तीर्ण भएको र सो प्रमाण पत्रको मान्यता अवधि भएको । सन् २०१६ पश्चात HRD Korea बाट सीप बिकास तालिम (Employment and start-up) लिएका ब्यक्तिहरुको हकमा प्रमाण पेस गरेमा तोकिए अनुसार थप ५ देखि २५ अङ्क बोनस प्राप्त गर्ने ब्यहोरा जानकारी गराईन्छ ।

ख) बोनस पोईन्ट (**Beneficiary List Nepal**) मा नाम भएकाहरुले परीक्षा दस्तुर मिनाहा भएको व्यहोरा उल्लिखित छ ।

ग) Beneficiary List Seasonal र U-turn company को हकमा दस्तुर मिनाहा हुने छैन । आफ्नो कम्पनी U-turn company हो कि होईन थाहा पाउन आफ्नो पूर्व रोजगारदातासंग जानकारी लिनुहुन अनुरोध छ ।

ध्यान दिनु पर्ने कुराहरु :-

- **Beneficiary List Seasonal** र **Beneficiary List Nepal** दुई अलग अलग सूची हुन न झुकिनुहोला ।
- सम्बन्धित उम्मेदवारले **cbtbeneficiary@gmail.com** (सूची मा भएकाले) र **listmanavayeko@gmail.com** (सूचिमा न भएकोले) सम्बन्धित ई-मेल मा मात्र कागजात पठाउनुहोला अन्य अरुमा पठाईएको मान्यता हुनेछैन ।
- कोरियावाट केही अन्य जानकारी तथा सूचना आएमा पुनः सूचीत गरिने सबैमा जानकारी गरिन्छ ।

२०७९/०३/२०

**"कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगार आवेदन दिन योग्य भई रोजगार अनुमति प्रणाली अन्तर्गत रोजगार प्रकृयामा सामेल हुनको लागि रोष्टरमा सुचिकृत हुनु हो तर कोरियामा रोजगार पाइने शतप्रतिशत सुनिश्चितता भने होइन ।"**

**Held By: MOEL, Korea**
**Implemented By: HRD Service of Korea**
**Co-operated by : MOLESS/DOFE, EPS-Section**